छलफल तथा निर्णयहरु

१. "आर्थिक वर्ष २०७६/७७ को बजेट तथा वार्षिक विकास कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०७६/७७-२०७८/७९) तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७५" र विषयगत मन्त्रालय/आयोग/सचिवालय/निकायको बजेट (खर्च) को सीमा स्वीकृत गर्ने । साथै उक्त मार्गदर्शन र बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रम प्रस्ताव गरी आर्थिक व्यवस्थापन महाशाखाले तयार गरेको ढाँचामा त्रिवर्षीय मध्यमकालीन खर्च संरचना समेत तयार गरी मिति २०७५ चैत्र १५ गते भित्र आयोगमा पठाउन पत्राचार गर्ने ।

२. राष्ट्रिय योजना आयोगले तयार गरिरहेको दीर्घकालीन सोच सहितको पन्ध्रौं योजनाको (२०७६/७७-२०८०-८१) आधारपत्र (प्रारम्भिक मस्यौदा) माथि मिति २०७५ फाल्गुण २२ गते काठमाडौंमा आयोजना हुने राष्ट्रिय परामर्श तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन सम्बन्धमा प्रस्तावित कार्यक्रम तालिकामा छलफल भई उक्त कार्यक्रममा प्रस्तुत गर्ने विवरण, सहभागिताको विवरण र कार्यक्रम स्वीकृत गरी व्यवस्थापन प्रकृया अगाडि बढाउने।

३. मिति २०७५ फाल्गुण २२ गते काठमाडौंमा आयोजना हुने राष्ट्रिय परामर्श तथा अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा सहभागीहरुको उपस्थितिलाई ध्यानमा राख्दै करिब ४००-५०० जना सहभागीहरुको सहज किसिमबाट व्यवस्थापन गर्न सकिने उपयुक्त होटलमा वार्ताको माध्यमबाट सुविधा तथा सेवा शुल्क तय गर्ने गरी अनुसन्धान, मूल्याङ्कन तथा प्रशासन महाशाखाले आवश्यक व्यवस्था मिलाउने ।